# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७९।०८।०७ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला सल्यान, शारदा नगरपालिका, वडा नं. २, लुहापिङ्गस्थित श्री त्रिभुवन जन मा.वि.को भवन निर्माण गर्दा टेण्डर आवह्वान नगरी कानूनी प्रक्रिया नपुऱ्याई रकम अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा त्रिभुवन जन माध्यमिक विद्यालयको बहुतल्ले भवन (प्रयोगशाला, पुस्तकालय र बहुउद्देश्यीय हल) निर्माण योजनामा नापी किताब, भुक्तानीसम्बन्धी बिल र कार्य सम्पन्न प्रतिवेदनमा फिल्डमा भएको वास्तविक कामभन्दा बढी काम भएको देखाई झुट्टा नापी किताब, भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई उक्त मूल्यांकनमा सही गरी रु.८७,०३,३१२।७८ नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने बद्नियतले काम गरेको देखिएकोले उक्त भ्रष्टाचारजन्य कसुरमा संलग्न देहायका कर्मचारी एवं पदाधिकारी व्यक्तिहरुलाई देहायको कसुरमा देहाय अनुसारको सजाय हुन मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन प्रध्यानाध्यपक तथा बहुतल्ले भवन निर्माण अनुगमन समितिका सदस्य **माधव विक्रम जि.सी.**, शारदा नगरपालिकाका इन्जिनियर **तुफान जि जङ्ग के.सी.** र सब-इन्जिनियर **सरस्वती थापा** | त्रिभुवन जन माध्यमिक विद्यालय सल्यान र शारदा नगरपालिका | रु.८७,०३,३१२।७८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) अनुसार बिगो बमोजिमको जरिवाना र कैदको सजाय हुन र उल्लिखित बिगोसमेत असुल उपर हुन मागदावी लिइएको छ । |
| २. | भवन निर्माण अनुगमन समितिका सदस्य तथा शारदा नगरपलिका वडा नं. २ का तत्कालीन वडाध्यक्ष **केशव सिंह श्रेष्ठ** र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा बहुतल्ले भवन निर्माण अनुगमन समितिका अध्यक्ष **नवराज शर्मा** | शारदा नगरपालिका वडा नं. २ | रु.८७,०३,३१२।७८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) अनुसार बिगो बमोजिमको जरिवाना र कैदको सजाय हुन र उल्लिखित बिगोसमेत असुल उपर हुन मागदावी लिइएको छ । |
| ३. | तत्कालीन विद्यालय व्य.समितिका सदस्य तथा बहुतल्ले भवन निर्माण समितिका अध्यक्ष **रिमलाल भण्डारी** | त्रिभुवन जन माध्यमिक विद्यालय सल्यान | रु.८७,०३,३१२।७८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) अनुसार बिगो बमोजिमको जरिवाना र कैदको सजाय हुन र उल्लिखित बिगोसमेत असुल उपर हुन मागदावी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी